नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# उद्योग विभाग

त्रिपुरेश्वर, काठमाडौं
नेपाल ।

मिति २०८३।०४।१३
ने.सं. ११४६ दिल्लाथ्व

## उद्योग विभागको अत्यन्त जरुरी सूचना !!!

यस विभागबाट प्रवाह हुने अधिकांश सेवाहरू अनलाइन प्रणाली मार्फत सञ्चालन भइरहेका छन्। साथै, हालसम्म अनलाइन प्रणालीमा समावेश हुन बाँकी रहेका सेवाहरूलाई समेत यथाशीघ्र अनलाइन प्रणाली मार्फत सञ्चालनमा ल्याउने कार्य भै रहेको छ। हाल विभागबाट अनलाइन प्रणाली मार्फत सञ्चालित सेवाहरूमा सेवाग्राहीहरू भौतिक रूपमा स्वयम् उपस्थित हुन नपर्ने ब्यहोरा जानकारी गराउँदै हाल भौतिक रूपमा उपस्थित भएरै लिनु पर्ने सेवाहरूको हकमा विभागमा उपस्थित हुँदा सम्बन्धित प्रतिष्ठान (फर्म, कम्पनी, उद्योग, व्यवसाय) का सञ्चालक स्वयम् वा प्रतिष्ठानका कर्मचारी वा प्रतिष्ठानले तोकेको आधिकारिक प्रतिनिधिले आफ्नो परिचय खुल्ने आधिकारिक परिचयपत्र सहित उपस्थित भई सेवा लिनु हुन पुनः अनुरोध छ।

साथै, यस विभागबाट प्रदान हुने देहायका सेवाहरूको आवेदन र सो साथ संलग्न गर्नुपर्ने कागजातहरू मिति २०८३।०४।१८ गते देखि औद्योगिक व्यवस्थापन सूचना प्रणाली (IMIS) बाट अनलाइन मार्फत् मात्र उपलब्ध हुने र उक्त सेवाका लागि सो उप्रान्त भौतिक रूपमा आवेदन तथा कागजातहरू दर्ता नगरिने ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

प्रदेश सरकारको कार्यक्षेत्र भित्र पर्ने स्थिर पूँजी रू. २५ करोड भन्दा कम पूँजी भएका उद्योगहरूको हकमा उद्योगको लागि आवश्यक पर्ने मेसिनरी, औजार, कच्चा पदार्थ, रसायन आयात तथा वण्डेड वेयरहाउस एवम् कच्चा पदार्थ खपतको नर्म्स निर्धारण लगायतका अन्य छुट, सुविधा, सहुलियतका सिफारिसहरू सम्बन्धित प्रदेश सरकार र सो अन्तर्गतका निकायहरूबाटै हुने ब्यहोरा समेत सूचित गरिएको छ।

<u>देहायः</u>

१. उद्योग दर्ता तथा दर्ता पश्चातका सेवाहरूः
   - नयाँ उद्योग दर्ता अनुमति सम्बन्धी कार्य, (स्वदेशी लगानी मात्र भएको उद्योगको हकमाः **स्थिर पूँजी रू. २५ करोड भन्दा बढि हुनुपर्ने**)
   - इकाई उद्योग दर्ता सम्बन्धी कार्य,
   - उद्योग स्थानान्तरण सम्बन्धी कार्य,
   - उद्योगको पूँजी तथा क्षमता वृद्धि सम्बन्धी कार्य,

शाखा अधिकृत

एक्सचेन्जः ४२६११०१, ४२६१२०३, ४२६११६८, ४२६११६९, फ्याक्सः ९७७-१-४२६१११२, इमेलः info@doind.gov.np, वेबसाइटः http://www.doind.gov.np
(कृपया पत्राचार गर्दा पत्र संख्या र मिति उल्लेख गर्नुहोला ।)

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
# उद्योग विभाग
त्रिपुरेश्वर, काठमाडौं
नेपाल ।

- उद्योग अद्यावधिक सम्बन्धी कार्य,
- उद्योगको म्याद थप तथा फर्म नवीकरण सम्बन्धी कार्य,
- उद्योग सञ्चालन जानकारी सम्बन्धी कार्य,
- उद्योगको शेयर संरचना संशोधन, खारेजी, शेयरधनी संशोधन, तथ्याङ्क अद्यावधिक, उद्योगको नाम परिवर्तन तथा उद्देश्य परिवर्तन सम्बन्धी कार्य आदि।

२. विदेशी लगानी सम्बन्धी सेवाहरू:

- विदेशी लगानी स्वीकृत सम्बन्धी कार्य (Automatic Route समेत),
- व्यवसायिक भिसा सिफारिस सम्बन्धी कार्य,
- Repatriation, Technology Transfer Agreement, Share Purchase आदि।

३. कच्चा पदार्थ खपतको नर्म्स निर्धारण सम्बन्धी सेवा,

४. वार्षिक प्रगति विवरण पेश गर्ने सम्बन्धी कार्य,

५. छुट, सुविधा, सहुलियत सिफारिस सम्बन्धी सेवा,

६. Corporate Social Responsibility सम्बन्धी कार्य,

७. IEE/TOR/ Revised IEE स्वीकृति सम्बन्धी सेवा।

**QR:**

| १. उद्योग दर्ता अनुमति, सुविधा, सहुलियत सिफारिसको लागि: | २. **Industry Link** र **Data Update** गर्ने विधि: |
|---|---|

०८२/८/१२
शाखा अधिकृत